बैठक संख्या : २०                    स्थान : राप्ती न.पा.वडा नं. ७ कार्यालयको (सभाहल)

मिती : २०७४।११।०३ गते                    समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ं११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रस्तावहरु**

१. राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।
२. कृषी व्यावसाय प्रबर्द्धन तथा कृषि बजार विकास कार्यक्रम सम्बन्धमा ।
३. लघु उद्यम कार्यक्रम संचालन सम्बन्धमा ।
४. शन्तिगृह नेपालले संचालन गर्ने कार्यक्रम संचालन गर्न अनुमती दिने सम्बन्धमा ।
५. जिल्ला सहकारी संघ समाहित शिक्षा लेखाजोखा केन्द्रबाट कार्यक्रम संचालन गर्न रकम माग सम्बन्धमा ।
६. कोराक घाट र ज्यामिरेमा निर्माण हुने झुलुङ्गे पुलमा लागत सहमागिता राख्ने सम्बन्धमा ।
७. लालपुरको पुल बचाउनको लागि रकम व्यवस्था गर्ने सम्बन्धमा ।
८. परेवाकोट खानेपानी योजना मर्मत सम्बन्धमा ।
९. हात्ती छाब कान्धा मोटरबाटो निर्माण सम्बन्धमा ।
१०. सडक बोर्डबाट संचालन हुने योजना छनौट सम्बन्धमा ।
११. वडा नं. ५ र १० को वडा कार्यालय बजेट सम्बन्धमा ।
१२. सवारी साधन खरिद सम्बन्धमा ।
१३. ढुङ्गा गिटी निकान्दा जे.सि.वि. प्रयोग सम्बन्धमा ।

**निर्णय नं. १**

**प्रस्ताव नं.** १ माथि छलफल गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. ०७४/७५ च.नं. ४६४९ मिति २०७४।१०।२६ को पत्रबाट राष्ट्रिय प्रजातन्त्र दिवस २०७४, भव्य रुपमा ३ दिन सम्म मनाउने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

नगर प्रमुख श्री प्रभा वराल ज्यूको संयोजकत्वमा देहायका महानुभावहरु रहनु भएको १५ सदस्यीय राष्ट्रिय प्रजातन्त्र दिवस २०७४ समारोह समिति राप्ती नगरपालिका गठन गर्ने ।

१. संयोजक - राप्ती नगर प्रमुख श्री प्रभा वराल
२. सदस्य - राप्ती नगर उपप्रमुख श्री इमान सिंह लामा
३. सदस्य - राप्ती नगरपालिकामा क्रियासिल सबै राजनैतिक दलका प्रमुखहरु
४. सदस्य - कार्यालयका प्रमुखहरु
५. सदस्य - वडा अध्यक्षहरु
६. सदस्य - क्याम्पस प्रमुखहरु
७. सदस्य - माध्यामिक विद्यालयका प्रधानाध्यापकहरु
८. सदस्य - राप्ती उद्योग बाणिज्य संघका अध्यक्ष
९. सदस्य - सहकारी संस्थाका अध्यक्षहरु
१०. सदस्य - नेपाल रेडक्रस सोसाइटी राप्तीका अध्यक्ष
११. सदस्य - समाजसेवी, बुद्धिजिवी उद्योमी व्यापारी व्यक्तिहरु
१२. सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत मिठाराम हुमागाई

कार्यक्रम

- राप्ती नगरपालिका भर मिती २०७४।११।६,७ र ८ गते साझ सबै कार्यालय, संघ संस्था र घरघरमा दिपावली गर्न ।
- विद्यालयहरुले विभिन्न अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।
- वडा कार्यालयहरुले सुरक्षा निकाय लगायत सबै सरोकारवालसँग समन्वय गरी सरसफाई कार्यक्रम संचालन गर्ने ।
- मिति २०७४।११।७ गते विहान ७ : ३० बजे समितिका सम्पूर्ण सदस्य तथा नगरवासीलाई उपस्थित हुन आग्रह गरी राष्ट्रिय प्रजातन्त्र दिवस २०७४ कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कृषि शाखा अन्तर्गतको स्वीकृत भएको कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रमबाट देहायका संस्थाहरुलाई टेवा पुऱ्याउनको लागि भवन निर्माण गर्न देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

१. श्री जनजागृत हरियाली ताजा तरकारी तथा फलफुल उत्पादन सहकारी संस्था लि.भण्डारा भवन निर्माण रु २००००००। (विस लाख)
२. श्री आधुनिक तरकारी फलफुल उत्पादक कृषि सहकारी संस्था राप्ती-२ भवन निर्माण रु ५०००००। (पाँच लाख)

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा लघु उद्यम विकास मोडललाई आन्तारिकरणको लागि जुलाई २०१८ सम्मको लागि कार्यक्रम संचालन गर्न लघु उद्यम विकास कार्यक्रमको क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय हेटौडा मकवानपुरसँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शान्तिगृह नेपालबाट राप्ती नगरपालिकाको वडा न.. १०, ११, १२ र १३ मा सन २०१८-२०२० सम्ममा संचालन गर्ने योजना तथा अनुमती पाउन मिति २०७४।१०।२६ को पत्रबाट लेखी आएकोले सोही बमोजिम नै कार्यक्रम संचालन गर्न सिफारिस साथ अनुमती दिने निर्णय गरियो ।

**परियोजनाहरु**

**क. खानेपानी परियोजना**

- कुच्चुर खानेपानी परियोजना, राप्ती न.पा.-११
- चात्राङ खानेपानी परियोजना, राप्ती न.पा.-१२
- ओनेवाङ चैथली खानेपानी मर्मत परियोजना, राप्ती न.पा.-११
- मोलिङखोला खानेपानी परियोजना, राप्ती न.पा.-१२
- ठुलोखोला खानेपानी परियोजना, राप्ती न.पा.-११, १२
- पर्खाल क्याङसिराङ खानेपानी मर्मत परियोजना, राप्ती न.पा.-१२

**ख. विद्यालय भवन निर्माण परियोजना**

- श्री राण्ट्रिय माध्यमिक विद्यालय स्वामिटार भवन निमार्ण परियोजना, राप्ती न.पा.-१०
- श्री राण्ट्रिय प्राथमिक विद्यालय चारकिला भवन निमार्ण परियोजना, राप्ती न.पा.-१०
- श्री गणेश निम्न माध्यमिक विद्यालय यौरालिटार भवन निमार्ण परियोजना, राप्ती न.पा.-१२
- श्री राण्ट्रिय प्राथमिक विद्यालय चात्राङ भवन निमार्ण परियोजना, राप्ती न.पा.-१२
- श्री राण्ट्रिय प्राथमिक विद्यालय पोखरी भवन मर्मत परियोजना, राप्ती न.पा.-१०

**ग. सामुदायिक भवन निर्माण परियोजना**

- सामुदायिक भवन निर्माण परियोजना, चारकिल्ला, राप्ती न.पा.-१०
- सामुदायिक भवन निर्माण परियोजना, दोबाटे, राप्ती न.पा.-१०

**घ. सिंचाई परियोजना**

- गुन्दि सिंचाई परियोजना, राप्ती न.पा.-१३

**ङ. जनशसक्तिकरण कार्यक्रमहरु**

- सामुदायिक विकास कार्यक्रमहरु, राप्ती न.पा.-१०, ११, १२, १३
- समुदायको लागि खेलकुद कार्यक्रम,राप्ती न.पा.-१०, ११, १२, १३

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा जिल्ला सहकारी संघ लि चितवनले मिति २०७४।१०।२९ को पत्रबाट जन प्रतिनिधिहरु समेतको लागि सहकारी ऐन कानून र नीति निर्माण तथा सहकारी प्रवर्द्धन र विकास सम्बन्धी कार्यक्रम संचालन गर्न र समाहित शिक्षा लेखा जोखा केन्द्र चितवनले मिति २०७४।१०।१५ विद्यालयको स्रोत कक्षा र विशेष कक्षा (अपाङ्गता भएका) विद्यार्थीहरुको लागि माडी नगरपालिकामा संचालन हुने खेदकुद प्रतियोगिता संचालन गर्न आर्थिक सहयोग माग भई आएकोले उक्त संस्थाहरुलाई रु २०/२० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा जिल्ला प्राविधिक कार्यालयले उपभोक्ता समिति मार्फत संचालन गर्ने राप्ती १२ कोराक घाट र राप्ती ११ ज्यामिरेको झोलुङगे पुलको लागि हालको अवस्थामा जिल्ला समन्वय समितिबाट लागत सहभागिता वापत रकम जुटाउन नसकिने भन्ने बुझिएको र पुल निर्माणको लागि कुल लागतको ६% रकम उपलब्ध गराउन पर्ने भएको हुँदा जिल्ला प्राविधिक कार्यालयबाट लेखी आएमा सो को लागि आवश्यक रकम सम्पूरक कोषमा छुट्याइएको रकमबाट सहभागिता राखी योजना संचालनमा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिकाको लालपुरमा रहेको पूलको तल्लो भागको वालुवा वगाई खाडल पर्ने गएकोले सो भागमा ल.ई. तयार गरी सो बमोजिम रु.२,००,०००। रकम विनियोजन गरी कार्यालयले कार्य संचालन गर्ने निर्णय गरियो

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा परेवाकोट खानेपानी योजना तत्काल मर्मत गर्नु भएकोले मर्मतको लागि बढीमा २,५०,०००। सम्मको पाइप उपलब्ध गराउने र स्यामराङ खानेपानी आयोजनाको लागि पाईप उपलब्ध गराउने बढीमा रु २,५०,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा राप्ती न.पा.-१३ जाने कान्धा सम्मको बाटो निर्माणको लागि लक्ष्मी प्रतिष्ठानले केही रकम राख्ने प्रतिवद्धता जनाएको सन्दर्भमा यस नगरपालिकाबाट उक्त बाटो वा अन्य उपयुक्त बाटोको रेखाङ्कन र ल.ई. गरी सम्पूरक कोषबाट रु १५,००,०००। बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा सडक वोर्ड नेपालको च.नं. ३८५ मिति २०७४।६।२३ को पत्रबाट राप्ती नगरपालिका भित्रको सडक मर्मत सम्भारको लागि रु २५०००००। पच्चीस लाख प्राप्त हुने भएको व्यहोरा उल्लेख भई आइएकोले सो रकमबाट राप्ती-७ विरेन्द्र नगर उत्तर तर्फ जाने सहिद बलराम मार्ग कालो पत्रे सडक उपभोक्ता समिति मार्फत मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ मााथि छलफल गर्दा राप्ती नगरपालिकाको वडा नं. ५ र १० को वडा कार्यालय भवन वनाउन गत आ.व. मा भएको सम्झौता बमोजिम रकम नपुग हुने भई वडा नं. १० वडाबाट वडा कार्यालय भवन निर्माणको लागि चालु आ.व. मा छुट्याइएको रकम भुक्तानी गरिएको व्यहोरा जानकारी भयो । उक्त वडा कार्याहरुको हाल सम्मको कामको मूल्याङ्कन गरी रकम भुक्तानी गर्ने र वडा नं. १० मा वडा कार्यालयको लागि चालु आ.व. मा विनियोजित बजेट खर्च भएको सम्बन्धमा रकम मौज्दात देखिन आएमा कार्यालयले व्यवस्थापन गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा राप्ती नगरपालिकाको कार्यालय प्रयोजन तथा संचालित योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा सहजता ल्याउनको लागि नगर कार्यपालिकाको मिति २०७४।०७।१७ मा S10 4 wheeles गाडी खरिद गर्ने निर्णय भए अनुसार खरिद प्रक्रिया अघि बढी बोल पत्रको माध्यमबाट सवभन्दा कम कवोल गर्ने सेन्ट्रल अटो जोन प्रा.लि. शाखा कार्यालय भरतपुर चितवनले कवोल गरेको रु ५९,८८०००। (उनान्साठी लाख अठासी हजार) मा कुनै छुट सहुलियत छ भन्ने सोधिने हुदा समेत सोही अंक नै कवोल गरी पठाइएकोले उक्त मूल्यमा सो सवारी साधन खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

जिल्ला समन्वय समिति चितवनबाट राप्ती नगरपालिका वडा नं.७ र ८ को पम्फा खोलामा ढुङ्गा गिटी बालुवा झिक्न ठेक्का लगाइएकोमा सो प्रयोजनको लागि ग्रेवल, गिट्टी बालुवालाई लोड गर्न समेत जे.सि.वी., इक्साभेटर वा यस्तै उपकरण प्रयोग गरेको देखिएको र उक्त कार्यबाट खोलाको वहाव परीवर्तन तथा निर्मित संरचनामा प्रतिकुल असर पर्न सक्ने देखिएकोले सो कार्य रोकि दिन जिल्ला समन्वय समितिमा अनुरोध गरी पठाउने निर्णय गरियो ।